# महाकाली नगरपालिका
## Mahakali Municipality
## नगर कार्यपालिकाको कार्यालय
## Office of Municipal Executive
खलंगा दार्चुला,सुदूरपश्चिम प्रदेश, नेपाल
Khalanga Darchula, Sudurpashchim Province, Nepal

प.स.०७८/०७९
च.न. १०२६

मिति २०७८/१०/०५

बिषयः-निर्णय कार्यान्वयन बारे।

श्री सामुदायिक तथा संस्थागत विद्यालय सबै
महाकाली नगरपालिका दार्चुला।

उपरोक्त विषयमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय को च.नं. २५३ मिति २०७८/१०/०३ को प्राप्त पत्र अनुसार यसै पत्र साथ संलग्न शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको च.नं. २०३ मिति २०७८/०९/२६ को निर्णय कार्यान्वयन गर्ने सम्बन्धी पत्रबाट विस्तृत व्यहोरा अवगत गरी सोही अनुसार गर्न गराउन हुन अनुरोध छ।

(युव राज जोशी)
नि. प्रमुख प्रशासकीय अधिकृत

नि.प्रमुख प्रशासकिय अधिकृत

बोधार्थ
सूचना तथा प्रविधि शाखाः वेबसाइटमा सूचना अपलोड गरीदिन हुन।

ईमेलinfo@mahakalimun@gov.np, mmdarchula@gmail.com, website
www.mahakalimundarchula.gov.np
Facebook page: https://www.facebook.com/mahakalimun
फोन नं०९३-४२०१३७,टोलफ्री न. १६६०९३४२१३७

नेपाल सरकार
# शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

पत्र संख्याः- ०८८/७८/७९
चलानी नं.:- २०३

सिंहदरबार,
काठमाडौं, नेपाल ।
मितिः २०७८/०९/२६

विषयः निर्णय कार्यान्वयन बारे ।

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार ।

कोभिड– १९ संकट व्यवस्थापन समन्वय केन्द्र (CCMCC) को मिति २०७८/०९/२५ को सिफारिसहरु कार्यान्वयनका लागि देहाय बमोजिम गर्न गराउन, कार्यान्वयनमा सहजीकरण गर्न तथा कार्यान्वयन अवस्थाको अनुगमन गरी मन्त्रालयलाई समेत आवश्यक जानकारी दिन तहाँ मन्त्रालयमार्फत सबै स्थानीय तहहरूमा लेखिपठाउने भनि मिति २०७८/०९/२६ मा माननीय मन्त्रीस्तरबाट निर्णय भएकाले निर्णयानुसार हुन अनुरोध गरिन्छ ।

१. देशभरका सबै आधारभुत तथा माध्यमिक विद्यालयहरूले वार्षिक विदामा मिलान हुने गरी यही २०७८ पौष २७ गते देखि २०७८ माघ १५सम्म विदा दिने ।विदाको अवधिमा सिकाई सहजीकरण निर्देशिका २०७७ले गरेको व्यवस्था बमोजिम विद्यार्थीको सिकाइमा आवश्यक सहजीकरण गर्ने ।

२. विदाको अवधिमा विद्यालयका प्रधानाध्यापकले स्थानीय तहमा रहेको स्वास्थ्य चौकीसँग सम्पर्क गरी १२ वर्ष देखि १७ वर्ष उमेर समूहका विद्यार्थीहरूलाई कोही पनि नछुट्ने गरी खोप लगाउने अभियानमा आवश्यक समन्वय र सहजीकरण गर्ने ।

३. १८ वर्ष उमेर समूह र सो भन्दा माथिका सबै उमेर समूहका पूर्ण खोप लगाउन बाँकी विद्यार्थी, शिक्षक, शिक्षण संस्थाका कर्मचारी तथा अभिभावकहरूले खोपका लागि स्थानीय तहमा रहेको स्वास्थ्य चौकीमा सम्पर्क गर्ने ।

४. विश्व विद्यालय र शैक्षिक प्रतिष्ठानका पूर्व निर्धारित सेमेष्टर र वार्षिक परीक्षाहरू जनस्वास्थ्य र सुरक्षाका मापदण्डहरू पालना हुनेगरी जेड आकारमा वसाइ व्यवस्था गरी सञ्चालन गर्ने। परीक्षा केन्द्रमा मास्क र स्यानिटाइजरको प्रयोग अनिवार्य गर्ने र भौतिक दुरीको प्रावधान कडाइका साथ परिपालन गर्ने ।

५. माघ ७ गते देखि शिक्षण संस्थामा प्रवेश गर्ने सबैले खोपकार्ड अनिवार्य रूपमा साथमा राख्ने प्रवन्ध सम्वन्धित शिक्षण संस्थाले मिलाउने ।

६. सबै शिक्षण संस्थाहरूले अर्को सूचना जारी नभएसम्म अभिभावक दिवस वा वार्षिक उत्सव जस्ता सार्वजनिक समारोहको कार्यक्रमहरू आयोजना नगर्ने ।

७. यस वर्ष माघ १ गते मनाइने राष्ट्रिय योग दिवस सार्वजनिक भेला वा समारोह नगरी योग सम्वन्धीका उपयुक्त कार्यक्रमहरु समावेश गरी गराइ "सर्वाङ्गीण विकासका लागि योग" भन्ने नाराका साथ भर्चुअल माध्यमवाट मनाउने ।

विदुरराज गिरी
उपसचिव